प्रति इकाई मूल्य रु.१०/–दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये बीज पूँजी बापत १०,००,००० (दश लाख) इकाई योजना ब्यबस्थापक एनआईबिएल एस क्यापिटल लिमिटेड तथा न्यूनतम २,३०,००,००० (दुई करोड तीस लाख) इकाई कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको लागि गरी कुल निष्काशन गरिने इकाईको जम्मा २० प्रतिशत अर्थात २,४०,००,००० (दुई करोड चालिस लाख) इकाई सुरक्षित राखि बाँकी न्यूनतम ९,६०,००,००० (नौ करोड साठी लाख) इकाई, यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या	**१०० (एक सय)**
आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या	**१,२०,००,००० (एक करोड बीस लाख)**

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको नेपाल इन्भेष्टमेण्ट बैंक कोष प्रवर्द्धक रहेको तथा एनआईबिएलएस क्यापिटल योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

एनआईबिएल समृद्धि फण्ड-२ (NIBL Samriddhi Fund-II)

आह्वान पत्र

इकाई बिक्री खुल्ला हुने मिति	**२०७८/०१/१३ गते**
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	**२०७८/०१/१६ गते (बैकिङ्ग समय पश्चात्)**
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	**२०७८/०१/२७ गते (बैकिङ्ग समय पश्चात्)**

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

आवेदनसाथ भूक्तानी गर्नुपर्ने रु. १०/– प्रति इकाईका दरले

यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७८/०१/०३ गते ।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१.	योजनाको नाम	एनआईबिएल सम्बृद्धि फण्ड-२ (NIBL SAMRIDDHIFUND-II)
२.	योजनाको आकार	रु.१,२०,००,००,०००/– (१ अर्ब २० करोड)
३.	योजनाको प्रकार	बन्दमूखी (Close-Ended)
४.	निष्काशन गर्न लागिएको इकाई संख्या	१२,००,००,००० (बाह्र करोड)
५.	प्रति इकाईमूल्य	रु.१०/– (अक्षरेपी दश रुपैया)
६.	कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउने इकाई संख्या	१०० (एक सय) इकाई
७.	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	६,००,००,००० (छ करोड)
८.	कुल निष्काशन मध्ये अधिकतम सकारिने इकाई संख्या	१५,००,००,०००/–(पन्ध्र करोड)
९.	योजनाको अवधि	इकाई बाँडफाँट भएको मितिले १० बर्ष ।
१०.	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँट भएको मितिले १० बर्ष (उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानुन बमोजिम वितरण गरिने)
११.	योजना बिक्री खुल्ला हुने मिति	२०७८/०१/१३
१२.	योजना बिक्री बन्द हुने मिति (छिटोमा)	२०७८/०१/१६ (बैंकिङ्ग समय पश्चात)
	योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०७८/०१/२७ (बैंकिङ्ग समय पश्चात)
१३.	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको दरखास्त संकलनको लागि अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु (आस्वा सदस्य) का आस्वा सेवा प्रदान गर्ने सम्पुर्ण कार्यालयहरु ।
१४.	खरीद गर्नुपर्ने न्यूनतम् इकाई संख्या	१०० (एक सय) इकाई
१५.	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	१,२०,००,००० (१ करोड २० लाख) इकाई सम्म
१६.	इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था	इकाई बिक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिनेछ ।
१७.	सूचिकरण तथा दोश्रो बजार कारोवार व्यवस्थाहरु	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सुचिकृत गरी कारोबारको व्यवस्था गरिने ।
१८.	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट मुनाफा वितरण कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पुनःलगानीका लागि उपयोग गरिनेछ ।
१९.	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली संस्था (कम्पनी), बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुने पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्ते संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२०.	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	एनआईबिएल एस क्यापिटल लिमिटेड, वडा नं. २, लाजिम्पाट, काठमाण्डौं । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६७/११/२५, दर्ता नं. १२८४/०६७/०६८ नेपाल धितोपत्र बोर्डबाट योजना ब्यबस्थापकको अनुमति प्राप्त मितिः २०७०/५/७
२१.	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स, पुलचोक ललितपुर (बाह्य लेखापरीक्षक) ।
२२.	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१.श्री बिमल प्रसाद कोईराला, आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौं २.श्री शम्भु राम सिम्खडा, वडा नं.३, बाँसबारी, काठमाण्डौं ३.श्री दुर्गेश मान सिंह,वडा नं.२६,९/५४८ यटखा टोल, काठमाण्डौं ४.श्री जितेन्द्र बहादुर राजभण्डारी, सतमार्ग १३, सानेपा, ललितपुर ५. श्री राजु नेपाल, सुर्यविनायक वडा नं. ५, भक्तपूर
२३.	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	क्रेडिट रेटिङ्ग नियमावली, २०६८ ले सामूहिक लगानी कोष अन्तर्गत संचालन हुने योजनाको रेटिङ्ग गर्नुपर्ने ब्यवस्था नगरेको तथा प्रस्तावित योजना संचालन स्वीकृतीको क्रममा योजनाको रेटिङ्ग गर्न आवश्यक पर्ने कार्य सम्पादन (कारोवार तथा लगानी, आय ब्यय, सम्पत्ती तथा दायित्व इत्यादी) को अवस्था श्रृजना भैनसक्ने हुँदा योजनाको रेटिङ्ग गरिएको छैन ।
२४.	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुने वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्कासन भएको धितोपत्र । ३. नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुने संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्रहरु ।
२५.	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ ।
२६.	खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशनसम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका,२०६९ ले व्यवस्था गरे बमोजिम वा नियमनकारी निकायले निर्देश गरे बमोजिम खुद सम्पत्ती मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड ।

कोष प्रवर्द्धकको संक्षिप्त इतिहास : नेपाल इन्भेष्टमेण्ट बैंक लि., तत्कालिन कम्पनी ऐन तथा तत्कालिन बाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा बाणिज्य मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । नेपाल भित्र बेदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुरयाउँदे आएको छ । यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा ब्यबस्थापनमा लामो समय देखि आबद्ध रहेको ब्यक्तित्वहरु हुनु हुन्छ ।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग ब्यबसाय) गर्ने यस बैंकको मूल्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशिल ब्यबसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरिक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

समष्टिकृत वासलात

(रु.)

सम्पत्ति	आ.ब.०७६/०७७	आ.ब.०७५/०७६	आ.ब.०७४/०७५
नगद तथा नगद सरह	७,८४५,२०६,५०८	१४,०५७,१८०,७७१	१२,१०८,९६८,६७०
नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात तथा लिन पर्ने	१४,३२१,९७०,७६४	१०,८६०,९२२,२६७	१२,५०७,४३२,८६६
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मोज्दात	७,९६४,९९१,८७०	८,४९८,९७३,६७९	९,४६३,१००,०००
व्युतपन्न वित्तीय उपकरण	१३३,९७६,९९१	४३६,८८८,३६०	३०,८५५,१०५
अन्य ब्यापारीक सम्पत्ति	८०,०३६,७०८	९५,६८१,२६४	१२४,३९८,८७६
बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा	४,९२०,०६२,२२४	४,२७४,४१६,४१९	२,५०२,९२५,८५८
ग्राहकलाई ऋण तथा कर्जा	१३५,०८२,०९८,५३९	१२२,८६६,५५३,५९६	११८,३२२,५७०,०७९
धितोपत्रमा लगानी	२६,८९१,५०७,५२९	१७,४०५,७२४,७९४	१३,६८५,९१७,८२४
यस आ.ब.को कर सम्पत्ति	७१५,२२६,४३२	५०७,६३६,१८१	३६३,८१३,३०४
सहायक कम्पनीमा लगानी		–	–
सम्बद्ध कम्पनीमा लगानी	१४३,६७०,६६०	१२१,६३१,९१८	९०,४५५,९३२
सम्पत्तिमा लगानी	२६५,९८२,९६१	२१४,०९०,०९०	१६,५५९,०९०
सम्पत्ति तथा उपकरण	४,०३०,१४८,३८१	४,०६८,९०१,३४७	३,७६२,०३७,६१८
साख र अमुर्त सम्पत्ति	१२६,१०५,६६४	९२,५१८,७९५	६२,८२३,४२४
स्थगन कर सम्पत्ति		–	–
अन्य सम्पत्ति	१,६६६,५१२,५०९	३,३५६,११४,५७०	१,२७१,६९८,५५८
कुल सम्पत्ति	**२०४,१८७,४९७,७४०**	**१८६,८५७,२३४,०५१**	**१७४,३१३,४५७,२०४**
पुँजी तथा दायित्व			
बैंक तथा वित्तीय संस्थालाई दिनुपर्ने	२,४६२,३१७,०७८	२,७९०,९६२,६१६	१,६९५,५०७,५०६
नेपाल राष्ट्र बैंकलाई बक्योता	२,७२२,७८७	९४०,२६६,७७४	५०५,८४८,४९०
व्युतपन्न वित्तीय उपकरण		–	–
ग्राहक निक्षेप	१६६,३३८,५५४,३२१	१४९,३३६,५०८,०९०	१३८,६३२,४७६,८९३
सापटी		–	–
यस आ.ब.को कर दायित्व		–	–
व्यवस्था	२,४९६,९६०	२,२७९,३७५	३,३६३,७१५
स्थगन कर दायित्व	९६१,५६०,८६९	८५७,५६०,११०	८५०,३१४,४८०
अन्य दायित्व	३,७३८,०१६,०६०	३,८७१,८२६,५९२	६,२९०,७४७,७५६
जारी गरिएको ऋण पत्र	३,२५०,०००,०००	३,२५०,०००,०००	१,२५०,०००,०००
सहायक दायित्व	–	–	–
जम्मा दायित्व	**१७६,७५५,५६८,०७५**	**१६१,०४९,४०३,५५७**	**१४९,२२८,२५८,८४०**
इक्विटी		–	–
शेयर पुँजी	१४,२४८,९५४,५००	१२,८६९,७४९,१००	१०,६४५,५९९,०००
शेयर प्रिमियम	३२,५९८,८५८	१०५,६४८,५९३	१,७१८,४५४,०२०
सञ्चित मुनाफा	२,८८५,९९९,०१८	२,३०३,५३५,३९७	२,९३३,९५०,२४०
कोषहरु	१०,२६४,४०७,२८९	१०,५२८,८९७,४०४	९,७७१,९४३,४६१
इक्विटी धारकलाई बाँडफाँड योग्य कुल इक्विटी	**२७,४३१,९२९,६६५**	**२५,८०७,८३०,४९४**	**२५,०६९,९४६,७२१**
गैर नियन्त्रित स्वार्थ		–	१५,२५१,६४३
जम्मा इक्विटी तथा दायित्व	**२०४,१८७,४९७,७४०**	**१८६,८५७,२३४,०५१**	**१७४,३१३,४५७,२०४**
सम्भावित दायित्व र प्रतिवद्धता	**७७,१६३,३५२,८१४**	**८९,७७६,७४४,४८२**	**८८,२४८,८२६,१९९**
प्रति शेयर खुद सम्पत्ति	**१९३.००**	**२०१.००**	**२३५**

समष्टिकृत नाफा-नोक्सान हिसाव विवरण

(रु.)

	आ.ब.०७६/०७७	आ.ब.०७५/०७६	आ.ब.०७४/०७५
ब्याज आम्दानी	१५,२८४,७१५,५५३	१५,०४७,५२६,७६१	१३,६३३,४७१,२८४
ब्याज खर्च	(९,४२१,९३६,००८)	(८,७९८,१६६,५३९)	(७,७२३,९२३,८१६)
खुद ब्याज आम्दानी	**५,८६२,७७९,५४५**	**६,२४९,३६०,२२२**	**५,९०९,५४७,४६८**
शुल्क र कमिशन आम्दानी	१,५९६,०९२,१८१	१,५५०,६२८,८९५	१,५७८,४०४,१७२
शुल्क र कमिशन खर्च	(३२६,४८०,३०३)	(३५५,७५३,११६)	(२३२,४०५,५८७)
खुद शुल्क र कमिशन आम्दानी	**१,२६९,६११,८७८**	**१,१९४,८७५,७७९**	**११,३४५,९९८,५८५**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	**७,१३२,३९१,४२३**	**७,४४४,२३६,००१**	**७,२५५,५४६,०५३**
खुद ब्यापारबाट आम्दानी	८७८,९२०,४९५	८९५,३९३,१३४	६४१,४२३,०३८
अन्य सञ्चालन आम्दानी	१७८,८२३,८४०	१४१,०३०,२८६	१८३,०९९,१८२
जम्मा सञ्चालन आम्दानी	**८,१९०,१३५,७५८**	**८,४८०,६५९,४२१**	**८,०८०,०६८,२७३**
कर्जा क्षति प्रभार/विपर्यय तथा अन्य हानि	(१,९९७,२४५,३५५)	(१,५९६,६०९,५९७)	(६७५,२०७,६४१)
खुद सञ्चालन आम्दानी	**६,१९२,८९०,४०३**	**६,८८४,०४९,८२४**	**७,४०४,८६०,६३२**
कर्मचारी खर्च	(१,४९३,२४३,३४५)	(१,६०४,२५९,१७८)	(१,५१६,२०६,८१७)
अन्य संचालन खर्च	(८७७,७८२,२६९)	(८८०,१५४,२२६)	(६८९,७६७,२९९)
ह्रासकट्टी तथा परिशोधन	(२६८,०५८,१६८)	(२२७,७०२,५२८)	(१९६,५३१,११४)
जम्मा संचालन खर्च	**(२,६३९,०८३,७८२)**	**(२,७१२,११५,९३२)**	**(२,४०२,५०५,२३१)**
संचालन आम्दानी	**३,५५३,८०६,६२१**	**४,१७१,९३३,८९२**	**५,००२,३५५,४०१**
गैर संचालन आम्दानी	२५,३५७,६१३	६९५,१९५,३५६	७७,७२८,६२०
गैर संचालन खर्च	(६,२८७,९८६)	(३१५,६५७,८७९)	(६६,९७५,०५७)
संयुक्त उधम तथा सहयोगी कम्पनीमा मुनाफाको हिस्सा	–		
आयकर पूर्वको मुनाफा	**३,५७२,८७६,२४८**	**४,५५१,४७१,३६९**	**५,०१३,१०८,९६४**
आयकर खर्च			
यस बर्षको कर ब्यवस्था	(१,११२,५७७,६८१)	(१,१८२,१३६,८२२)	(१,४८२,२७५,७१०)
स्थगन कर	(३,०३६,२७१)	(७,३०४,७४४)	१९३,७३१,२९७
यस आ. ब. को आम्दानी	**२,४५७,२६२,२९५**	**३,३६२,०२९,८०३**	**३,७२४,५६४,५५१**
इक्विटी धारकलाई आम्दानी	२,४५७,२६२,२९५	३,३६६,०८६,४१४	३,७२८,८५२,९९०
गैर नियन्त्रित स्वार्थ वापत आम्दानी	–	(४,०५६,६१२)	(४,२८८,४४०)
खुद मुनाफा	**२,४५७,२६२,२९५**	**३,३६२,०२९,८०३**	**३,७२४,५६४,५५१**
प्रति शेयर आम्दानी			
आधारभुत प्रति शेयर आम्दानी	१७.२७	२६.७६	३६.३४
डाइलुटेड प्रति शेयर आम्दानी	१७.२७	२६.७६	३६.३४

विगत तीन बर्षको नेटवर्थ सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

विवरण	वास्तविक		
	आ.ब.०७५/०७६	आ.ब.०७५/०७६	आ.ब.०७४/०७५
चुक्ता पुंजी	१४,२४८,९५४,५००	१२,८६९,७४९,१००	१०,६४५,५९९,०००
जगेडा तथा कोषहरु	१३,१८२,९७५,१६५	१२,९३८,०८१,३९४	१४,४२४,३४७,७२१
कुल	**२७,४३१,९२९,६६५**	**२५,८०७,८३०,४९४**	**२५,०६९,९४६,७२१**
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	–	–	–
कुल नेटवर्थ	२७,४३१,९२९,६६५	२५,८०७,८३०,४९४	२५,०६९,९४६,७२१
शेयर संख्या	१४२,४८९,५४५	१२८,६९७,४९१	१०६,४५५,९९०
प्रति शेयर नेटवर्थ (रु.)	**१९३**	**२००.५३**	**२३५.५०**
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००
प्रति शेयर आम्दानी	१७.२४	२६.७६	३६.३४
नेटवर्थमा औसत प्रतिफल			**१५.४३%**

५. योजना ब्यवस्थापक सम्बन्धी विवरण

(क) योजना व्यवस्थापकको नाम : एनआईबिएल एस क्यापिटल लिमिटेड ।

(ख) योजना ब्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरणः योजना व्यवस्थापक कम्पनी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापन भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोबार गर्न सक्ने संस्था भएको ।

(ग) योजना ब्यवस्थापकको रजिष्टर्ड ठेगाना : का.म.न.पा., वडा नं. २, लाजिम्पाट, काठमाण्डौ ।

(घ) योजना ब्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास : एनआईबिएल एस क्यापिटल लिमिटेड, (तत्कालिन एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड) कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/११/२५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्ड बाट मिति २०६९/३/४ मा अनुमतिपत्र प्राप्त गरेको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९ श्रावण १६ देखि संचालन अनुमति प्राप्त गरेको हुनाले सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन र प्रत्याभूती सेवा कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन तथा निक्षेप सदस्यको सेवा प्रदान गर्दै आइरहेको छ । साथै यस कम्पनीले मिति २०७०/५/७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि समेत अनुमति प्राप्त गरी हाल एनआईबिएल समृद्धि फण्ड तथा एनआईबिएल प्रगति फण्ड नामक दुइवटा बन्दमुखि योजना र एनआईबिएल सहभागिता फण्ड नामक खुलामुखि योजना सञ्चालन गरिरहेको छ ।

साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड र साविक एस क्यापिटल लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा मिति २०७४ साल कार्तिक २३ गते भएको सहमतीपत्र बमोजिम दुवे कम्पनीको मिति २०७४ मंसिर २९ गते सम्पन्न छुट्टाछुट्टै विशेष साधारण सभाको निर्णय बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४ साल माघ ११ गते स्वीकृति प्राप्त भएको आधारमा मिति २०७४ साल माघ २८ गते देखि एनआईबिएल एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोवार सञ्चालन हुदै आएको छ । सो मर्जर पश्चात यस कम्पनीको चुक्ता पूंजी रु.२७ करोड पुगेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनसुार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध शीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने ।

योजना ब्यबस्थापक कम्पनीको प्रबन्धपत्र तथा नियमावली संस्थाको रजिष्टर्ड ठेगाना वडा नं.२, लाजिम्पाट, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क गरी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) व्यवसाय/सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयबद्ध रणनीति :
एनआईबिएल एस क्यापिटल लिमिटेडले यस अघि एनआईबिएल म्युचुअल फण्ड अन्तर्गतको एनआईबिएल समृद्धि फण्ड–१ (बन्दमुखी योजना), एनआईबिएल प्रगति फण्ड (बन्दमुखी योजना) र एनआईबिएल सहभागिता फण्ड (खुलामुखी योजना)संचालन गरिरहेको छ, जसको इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण भई कारोवार समेत भईरहेको छ । कम्पनीले बजारको अवस्था हेरी यी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखी तथा खुलामुखी योजनाहरु समेत संचालनमा ल्याउनका लागि आवश्यक गृहकार्य गरिरहेको छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :
नेपालमा सामूहिक लगानी कोष संचालन सम्बन्धी व्यवसायले गति लिन थालेको तथा धितोपत्र बजारको बिस्तार हुँदै गएको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको राम्रो भविष्य रहेकोछ । बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणहरुको लगानीलाई उचित तवरले व्यवस्थापन गरी नीजहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा सर्वसाधारणहरुको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्र बजारको विकासमा सघाउ पुर्याउनेछ । साथै यस प्रकारको व्यवसायमा एनआईबिएल एस क्यापिटल लिमिटेड एक व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रुपले अगाडि बढ्दै गईरहकोछ ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

योजना ब्यबस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी ब्यबस्था देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	सङ्ख्या
१.	संस्थापक समूहको शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालकहरु	६ जना
२.	स्वतन्त्र व्यवसायिक बिशेषज्ञ सञ्चालकहरु	३ जना
	जम्मा	**९ जना**

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारीः

(क) अधिकृत पूँजी : ५०,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/–का दरले रु.५०,००,००,०००/–(अक्षरेपी पचास करोड रुपैंया मात्र) रहेकोछ ।
(ख) जारी पूँजीः २७,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/–का दरले रु.२७,००,००,०००/–(अक्षरेपी सत्ताईस करोड रुपैंया मात्र) रहेकोछ ।
(ग) चुक्ता पूँजी : २७,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/–का दरले रु.२७,००,००,०००/–(अक्षरेपी सत्ताईस करोड रुपैंया मात्र) रहेकोछ ।

१०. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव :

क्र.स	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा)	शैक्षिक योग्यता	अनुभव
१.	श्री नेपाल इन्भेष्टमण्ट बैंक लि.	दरबारमार्ग, काठमाण्डौं	लागु नहुने	१००%	लागु नहुने	लागु नहुने

(ख) संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

सि.नं	नाम, ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१	श्री सचिन टिबडेवाल, वडा नं. ७ सिफल, काठमाण्डौं (नेपाल इन्भेष्टमेण्ट बैंक लि. को तर्फबाट)	अध्यक्ष	४०	नेपाली	चार्टर्ड एकाउण्टेन्ट	– नेपाल इन्भेष्टमेन्ट बैंकमा ७ बर्षदेखि लेखा तथा बित्तिय बिभाग प्रमुखको रुपमा कार्यरत । – नेपाल इन्भेष्टमेन्ट बैंकको बिभिन्न तहमा ७ बर्षको कार्य अनुभव । – सहायक प्रबन्धक,डिलोईट् हास्किन्स् एण्ड सेल्स, ३ बर्षको कार्य अनुभव । – एस.के.मेहता एण्ड कम्पनीमा ३ बर्षको कार्य अनुभव ।
२	श्री दिपक कुमार श्रेष्ठ, वडा नं.२०,नः टोल, ललितपुर ।	संचालक	५३	नेपाली	स्नातकोत्तर, कानुन	– नेपाल इन्भेष्टमेन्ट बैंकको बिभिन्न तह तथा शाखामा १९ बर्षको कार्य अनुभव । – स्ट्यान्डर्ड चार्टर्ड बैंकमा कम्पनी सचिव तथा आन्तरिक अधिवक्ताको कार्य अनुभव । – अधिवक्ता को रुपमा ९ बर्षको कार्य अनुभव । – सदस्य सार्क ल नेपाल – सदस्य नेपाल बार एसोसिएसन – सदस्य नेपाल कानून समाज
३	श्री बन्दना थापा, वडा नं.२, गैह्रिधारा, काठमाण्डौ	संचालक	५७	नेपाली	स्नातक, अर्थशास्त्र तथा अंग्रेजी	– बैंक तथा वित्तीय संस्थामा विगत २६बर्ष भन्दा बढीको कार्य अनुभव ।
४	श्री रबिन्द्र भट्टराई, वडा न. ३, ढोरफिर्दी, तनहुं	स्वतन्त्र संचालक	४८	नेपाली	एम.वि.ए.	– लेक्चरर, शंकर देव क्याम्पस, पुतलीसडकमा १८ बर्षको कार्य अनुभव । – प्रोगाम कोअर्डिनेटर, स्नातक तह, कानभास इन्टरनेशनल कलेज, बसुन्धारामा कार्यानुभव। – संचालक, सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.मा ६ बर्षको कार्य अनुभव ।
५	आनन्द कुमार भट्टराई	स्वतन्त्र संचालक	६०	नेपाली	एम.वि.ए.	– सरकारी सेवामा आबद्ध रही २५ बर्ष भन्दा बढीको कार्य अनुभव ।

नोट : हाल संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र स्वतन्त्र संचालक १ (एक) जना नियुक्त हुन बाँकी रहेको छ ।

११. योजना व्यवस्थापकको वित्तीय विवरण सम्बन्धी जानकारी :

योजना व्यवस्थापकको विगत तीन बर्षको लेखापरिक्षण भएको वित्तिय विवरण देहाय बमोजिम रहेको छ ।

वासलात

(रु.)

पुँजी तथा दायित्व	आ.ब.०७६/०७७	आ.ब.०७५/०७६	आ.ब.०७४/०७५
शेयर पुँजी :			
चुक्ता पुँजी	२७०,०००,०००	२७०,०००,०००	२७०,०००,०००
सञ्चित मुनाफा	९२,२९१,७४४	९०,८६६,८१९	७९,४२३,१२३
रिजर्भ	६,६६६,३२९	–	–
कुल शेयर पुँजी	**३६८,९५८,०७३**	**३६०,८६६,८१९**	**३४९,४२३,१२३**
गैर चालू दायित्व			
कर दायित्व	–	–	–
कर्मचारी सुविधा	१,१५७,४३५	१,१५४,३३९	३,०८०,६६८
कुल गैर चालू दायित्व	**१,१५७,४३५**	**१,१५४,३३९**	**३,०८०,६६८**
चालु दायित्व			
ब्यापार तथा अन्य भूक्तानीहरु	९०९,०७०,०५९	८२९,९८७,१८०	२,२००,३३६,८१०
अन्य चालु दायित्व	२२,८४९,९४३	१६,६११,३४६	१४,८१४,३०८
सम्भावित नोक्सानी ब्यवस्था	२,४९६,९६१	२,२७९,३७५	३,३६३,७१५
चालु कर दायित्व	६५२,०३४	–	–
कुल चालु दायित्व	**९३५,०६८,९९७**	**८४८,८७७,९०१**	**२,२१८,५१४,८३३**
कुल पुँजी तथा दायित्व	**१,३०५,१८४,५०५**	**१,२१०,८९९,०५९**	**२,५७१,०१८,६२४**
गैर चालु सम्पत्ति			
जायजेथा, प्लान्ट र उपकरण	१९,१७१,२८०	२६,४४५,१३५	२९,९४०,५२६
अदृश्य सम्पत्ति	१,४८६,७१०	१,८९०,५५६	१,३५९,१६०
लगानी	१५,८२९,०७९	१२,८६२,४१०	२५०,०००
कर्मचारी ऋण	११,५७२,२३२	१०,१६७,६६०	८,२८९,७९१
कुल गैर चालु सम्पत्ति	**४८,०५९,३०१**	**५१,३६५,७६१**	**३९,८३९,४७७**
चालु सम्पत्ति			
लगानी	८७७,२७८,६२८	५३५,०६८,८५४	३२८,८९८,८७६
ब्यापारिक पाप्ति, अग्रिम भुक्तानी र निक्षेप	४१,९२८,९८३	३७,९८०,६७३	३९,३५४,२३६
चालु कर सम्पत्ति	–	६,४५६,५७४	१६,९६०,९२२
स्थगन् कर सम्पत्ति	७,१६७,७५९	७,६४७,०६३	३,५७९,६१८
नगद र नगद सरह	३३०,७४९,८३४	५७२,३८०,१३४	२,१४२,३८५,४९६
कुल चालु सम्पत्ति	**१,२५७,१२५,२०४**	**१,१५९,५३३,२९८**	**२,५३१,१७९,१४८**
कुल सम्पत्ति	**१,३०५,१८४,५०५**	**१,२१०,८९९,०५९**	**२,५७१,०१८,६२४**

नाफा नोक्सान हिसाब

(रु.)

आम्दानी	आ.ब.०७६/०७७	आ.ब.०७५/०७६	आ.ब.०७४/०७५
सञ्चालन आम्दानी	८१,५८५,९७९	१०३,९३६,०१०	१००,१०८,६६५
अन्य आम्दानी	९१,३३३,२०८	८४,२०३,३३७	६३,८२७,५४८
वित्तिय सम्पत्ती तथा दायित्वको नाफा/नोक्सानमा भएको खुद परिवर्तन (नाफा/नोक्सानको उचित मूल्य मार्फत)	३,२६७,३३७	२५,६१०	(१६,३५३,१६७)
जम्मा आम्दानी	**१७६,१८६,५२४**	**१८८,१६४,९५७**	**१४७,५८३,०४६**
खर्च			
सञ्चालन खर्च	१०,४८२,००१	१६,३७१,९६६	११,२९०,८३०
साधारण तथा बयवस्थापन खर्च	६७,०८०,९९५	६१,०११,८९८	६५,७३०,७०८
ह्रासकट्टी तथा ऋणमुक्ति	८,७५७,१९८	९,०८१,३९६	८,००१,३७१
कर्मचारी बोनस खर्च	–	१०,१६९,९७०	६,२५६,०१४
जम्मा खर्च	**८६,३२०,१९४**	**९६,६३५,२३०**	**९१,२७८,९२४**
करअघिको मुनाफा	८९,८६६,३३०	९१,५२९,७२७	५६,३०४,१२३
कर दायित्व	२६,५३०,३१५	२९,३४७,४१८	११,६३४,१३८
खुद मुनाफा	**६३,३३६,०१५**	**६२,१८२,३०९**	**४४,६६९,९८५**
अन्य ब्यापक आम्दानी	–	–	–
खुद नाफा/नोक्सान	**६३,३३६,०१५**	**६२,१८२,३०९**	**४४,६६९,९८५**
शेयर संख्या (हजारमा)	२७०००००	२७०००००	२७०००००
प्रति शेयर आम्दानी (रु.)	२३.४६	२३.०३	१६.५४

१२. कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता :

सि.नं	नाम	व्यवसायीक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	श्री बिमल प्रसाद कोईराला	नेपाल सरकारको मुख्य सचिब सहित २ बर्ष सरकारी सेवा र ९ बर्ष अन्तराष्ट्रिय वित्तिय एवं विकास संस्थाको अनुभव	परामर्शदाता	स्वतन्त्र आर्थिक परामर्शदाता ।
२.	श्री शम्भु राम सिम्खडा	राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुमा ३१ बर्षभन्दा बढीको कार्य अनुभव ।	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परामर्श सम्बन्धी विज्ञ	संस्थापक चिरनमिलन वर्ल्डपिस क्याम्पस काठमाण्डौं ।
३.	श्री दुर्गेश मान सिंह	अर्थशास्त्री, योजना आयोग, र बिभिन्न देश हरुको नेपाल सरकारको राजदुतको रुपमा कार्यरत	आर्थिक तथा राजनैतिक क्षेत्रमा विज्ञ	अध्यक्ष, गुञ्जमान सिंह हस्पिटल, पिढुवा, चितवन ।
४.	श्री जितेन्द्र बहादुर राजभण्डारी	३९ बर्ष भन्दा बढीको व्यवसायिक अनुभव ।	चार्टर्ड एकाउन्टेन्सी	प्रमुख पार्टनरजे.वि.राजभण्डारी एण्ड डिविन्स्,चार्टर्ड एकाउन्टेन्टस्
५	श्री राजु नेपाल	२३ वर्ष भन्दा बढी बैंकिङ्ग क्षेत्रको अनुभव	व्यवस्थापन, आर्थिक तथा राजनीतिक परामर्श सम्बन्धी विज्ञ	स्वतन्त्र परामर्शदाता

१३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिकाः

यस योजना संचालन गर्न नेपाल धितोपत्र बोर्डको स्वीकृतिका लागि विवरण पुस्तिका पेश गर्नु अधि विवरण पुस्तिकाको सत्यता सम्बन्धमा जाँच गरी योजना स्वीकृत गर्ने, योजना स्वीकृत गर्नु अधि योजना संचालनका लागि पर्याप्त व्यवस्था रहे नरहेको सम्बन्धमा यकिन गर्ने, योजना निष्काशन पश्चात् विवरण पुस्तिका तथा धितोपत्र सम्बन्धी प्रचलित ऐन नियम तथा सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष सम्बन्धी निर्देशिकाले गरेका व्यवस्था बमोजिम योजना संचालन गरे नगरेको हेरि सोही अनुरुप कोष प्रवर्द्धक तथा नेपाल धितोपत्र बोर्डलाई सो बारे जानकारी गराउने लगायतका जिम्मेवारीहरु कोष सुपरिवेक्षकको रहनेछ ।

योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्यको अनुगमन गर्ने कार्य कोष सुपरीवेक्षकको हुनेछ । योजना व्यवस्थापकबाट समय समयमा प्राप्त कार्य सम्पादन प्रतिवेदन तथा कानून पालना प्रतिवेदनको आधारमा कोष सुपरिवेक्षकबाट योजना व्यवस्थापक कम्पनीको मूल्याङ्कन हुन्छ । कोष सुपरिवेक्षकले चौमासिक रुपमा वा नियमावलीले व्यवस्था गरे बमोजिमको समयावधि भित्र योजना व्यवस्थापकबाट प्रतिवेदन प्राप्त गरी सो उपर सुपरीवेक्षकहरुको बेठकमा छलफल तथा निर्णय भई सोही बमोजिम आवश्यक कार्य अगाडी बढाउने गर्दछन् । कोष सुपरिवेक्षकले लेखापरीक्षणका माध्यमले समेत योजना व्यवस्थापकलाई नियन्त्रण गर्न सक्दछन् ।

१४. योजनाको उद्देश्यः

योजनाले इकाई बिक्रीबाट संकलित रकम धितोपत्र बजारमा लगानी गरी दक्ष लगानी सेवाद्धारा योजनाका लगानीकर्तालाई सर्वाधिक प्रतिफल दिने साथै एक संस्थागत लगानीकर्ताको हैसियतबाट बजारको दिगो विकासमा सघाउ पर्याउने उद्देश्यले यस योजनाका इकाईहरु निष्काशन गरिएको ।

१५. योजनाले लगानी गर्ने क्षेत्रः

नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुने वा सबै क्षेत्रमा लगानी हुनेछ :

१. बोर्डमा दर्ता भएको धितोपत्र ।
२. सार्वजनिक निष्कासन भएको धितोपत्र ।
३. नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत धितोपत्र ।
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्ववानियन्त्रणमारहेको कुने संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु ।
५. बैंक निक्षेप ।
६. मुद्रा बजार उपकरण ।
७. बोर्डले तोकिदिएको अन्य क्षेत्रहरु ।

साथे योजनाको लगानी गर्न सके क्षेत्र तथा लगानीको सिमा सम्बन्धमा सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३४ र ३६ मा व्यवस्था भए बमोजिम गरिने समेत उदघोषणा गर्दछौं ।

१६. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था

(क) खुद सम्पत्ती मूल्य गणना गर्ने विधि :
योजनाको कुल लगानीको मूल्यमा योजनाको खर्च कटाई खुद सम्पत्ती मूल्य गणना गरिनेछ । यसरी गणना गर्नका लागि देहायअनुसाको समिकरण प्रयोग गरिनेछ ।

$$\text{प्रति इकाई खुद सम्पत्ति मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या}}$$

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी ब्यवस्था :
योजनाका इकाईहरु बिक्री बन्द भएको ३० दिन भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ती मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम दैनिक खरिद विक्रीलाई सहज तुल्याउन दैनिक रुपमा खुद सम्पत्ती मूल्य गणना गरी योजना व्यवस्थापकको वेवसाईट मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ। साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक/त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ती मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धी विवरण सार्वजनिक गर्ने सम्बन्धमा प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१७. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
सम्पत्ति										
लगानी	९७५,०००	१,२३५,८४६	१,३८३,४०१	१,५७५,२३४	१,७०६,८२८	१,८६१,२७१	२,०१६,८३०	२,१८६,५३५	२,०७९,७२५	२,१६३,९६८
बैंक मौज्दात	४१२,२००	२५४,२९४	२२७,३५५	१९३,३८९	२२०,६०१	२२८,५५७	२४८,७२७	२७१,८४०	४३८,१६६	२२३,८०८
चालु सम्पत्ति	९,०००	११,३४०	११,३४९	११,५६६	१२,५३३	१३,६६७	१४,८०९	१६,०५५	१९,०८३	२७,९०३
कुल सम्पत्ति	१,३९६,२००	१,५०१,४७९	१,६२२,१०४	१,७८०,१९०	१,९३९,९६२	२,१०३,४९५	२,२८०,३६६	२,४७४,४३०	२,५३६,९७४	२,४१५,६७९
दायित्व										
चालु दायित्व	६,४७१	७,४९१	८,०५०	८,८२१	९,५५८	१०,४०८	११,२७९	१२,२१२	१२,५६६	११,९०९
इकाई धनी कोष	१,३८९,७३०	१,४९३,९८८	१,६१४,०५४	१,७७१,३६९	१,९३०,४०३	२,०९३,०८७	२,२६९,०८७	२,४६२,२१८	२,५२४,४०७	२,४०३,७७१
कुल दायित्व	१,३९६,२००	१,५०१,४७९	१,६२२,१०४	१,७८०,१९०	१,९३९,९६२	२,१०३,४९५	२,२८०,३६६	२,४७४,४३०	२,५३६,९७४	२,४१५,६७९
इकाई संख्या	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य	११.५८	१२.४५	१३.४५	१४.७६	१६.०९	१७.४४	१८.९१	२०.५२	२१.०४	२०.०३
लाभांश वितरण	१०.०%	१०.०%	११.०%	११.०%	१३.०%	१४.०%	१५.०%	१६.०%	१४.०%	०.०%
Cummulative Capital Gains	१५.८%	२४.५%	३४.५%	४७.६%	६०.९%	७४.४%	८९.१%	१०५.२%	११०.४%	१००.३%
बार्षिक पूँजीगत लाभ	१५.८%	८.७%	१०.०%	१३.१%	१३.३%	१३.६%	१४.७%	१६.१%	५.२%	-१०.१%
लगानीमा कुल प्रतिफल (बार्षिक)	२५.८%	१८.७%	२१.०%	२४.१%	२६.३%	२७.६%	२९.७%	३२.१%	१९.२%	-१०.१%

१८. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

१९. लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने करसम्बन्धी व्यवस्था :

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि आ.व.२०७०/०७१ देखी आर्थिक विधेयकले योजनाको लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा स्रोतमा करकट्टी गर्नु नपर्ने ब्यवस्था गरेको छ । साथै योजनाले प्रतिफल वितरण गर्दा अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने ब्यवस्था गरेको ।

२०. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

(क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा : सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना ब्यवस्थापकको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा : योजना ब्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा ब्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर ९एभचायकबलअभ ापखर्भा० निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा : योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा : यस योजना अन्तर्गत इकाईहरु निष्कासन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्तमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा अनुपातमा लाभांश पाउने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ती को मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ। खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) रहने छ । योजनाको कार्य प्रगतिका आधारमा आगामी वर्षहरुमा अझ बढी लाभांश प्रदान गर्न सकिने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दती आदिले असर पार्ने सम्बन्धमा :
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नितिहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सुचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केहि प्रभाव पर्न जाने तथा धितोपत्रको खरीद बिक्री कार्य ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ । साथै वित्तीय क्षेत्रमा कायम व्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तिय सम्पत्तीको मूल्याङ्कनमा बृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ती मूल्यमा पर्न जाने हुन्छ । साथै बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र आवश्यकता अनुसार बिक्री गर्ने र सो वापतको रकम उपलब्ध हुन गाह्रो परेको अवस्थामा इकाईहरु पुर्नखरिद गर्दाको भुक्तानीमा कठिनाई उत्पन्न हुन सक्ने अवस्था रहन्छ जसका लागि योजना ब्यवस्थापक कम्पनीबाट अग्रिम भुक्तानी लिने साथै बैंकहरु बाट कर्जा लिने ब्यवस्था गरिने छ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :
यस निष्काशनमा कोष प्रबर्धक र योजना व्यवस्थापकको रेटिङ्ग गरिएको र उक्त रेटिङ्गमा रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता गर्ने छैन ।

(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :
योजनाले लगानी गर्ने कुल रकम मध्ये केहि रकम बैंक निक्षेप तथा बण्ड डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा मुद्दती निक्षेप तथा अन्य कल निक्षेपमा दिईने व्याजदरमा आउने परिवर्तनले योजनाको आयमा समेत सोही अनुरुप असर पार्ने हुन्छ । साथै सम्पत्ती को मूल्यांकन ९खबगिबतष्वल० गर्दा प्रचलित व्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तीको मूल्यांकनमा समेत परिवर्तन हुन सक्ने हुँदा यस्तो प्रकारको जोखिम रहन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदीले खुद सम्पत्ती मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, निष्काशन तथा बिक्री प्रबन्ध शुल्क तथा यसको वार्षिक खर्चहरु जस्तैः कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखा परिक्षण शुल्क, बार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ती मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ती मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।

(६) ईक्वीटि सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्यसम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत प्रभाव पार्ने हुन्छ ।

(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
कुनै पनि संस्थाले जारी गरेको ऋणको सावाँ तथा व्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तीमा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलता सम्बन्धी जोखिम रहन सक्छ ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिबिधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदी बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । सरकारी ऋण बृद्धि भएमा वा मुद्रा स्फीती भएमा सो को असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ।

(१०) पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त व्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि व्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त व्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :
योजनाका इकाईहरुको निष्काशन तथा विक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) योजना अन्तर्गत लगानी गरीने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारीक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपुर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।

(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्नेः योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशि मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।

(१५) योजनाको अवधि भर सो को मूल्य वृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहनेछ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :

(क) लगानी गरिने धितोपत्रको कारोवार सम्बन्धि विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांकप्रणालीको विकास गरिएको छ । सोको निरन्तर अधावधिक गर्ने ब्यवस्था समेत गरिएको छ ।

(ख) धितोपत्रमा लगानी गर्नुपुर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी निर्णय गरिने छ र यसका लागि योजना ब्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तिय विश्लेषण विधिको उपयोग गरिने छ ।

(ग) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको ब्यवस्था गरिएको छ जसमा प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकको रुपमा चार्टर्ड एकाउन्टेन्टको ब्यवस्था गरिएको छ ।

(घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तीमा परिणत गर्ने तथा तरल सम्पत्तीलाई लगानीमा परिणत गर्ने ब्यवस्था मिलाईने छ ।

(ङ) लगानीमा हुने जोखिम न्युनीकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्येनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामुहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पुर्णरुपमा पालना गरी बढी से बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।

(च) तरलता व्यवस्थापनमा उच्च सर्तकता अपनाईनेछ ।

(छ) लगानी तथा जोखिम ब्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने ब्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी ब्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरि लगानी सम्बन्धि निर्णय गर्ने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने ब्यवस्था गरिएको छ ।

२१. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी प्रारम्भिक इकाई बिक्री बन्द गर्न सक्नेछ ।
(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र प्राप्त भएको आवेदन बरावरको इकाई बाँडफाँड गर्न सकिनेछ ।
(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
(४) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।
(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम हुनेछ ।
(६) योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रोवजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

२२. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरुः

१. कुनै पनि नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्ते सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२. यस योजना खरिद गर्ने योजनाका इकाइधनीहरुको कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको कने पनि निर्णय प्रक्रियामा मताधिकार हुने छेन साथे संचालकको निर्वाचनमा उम्मेदवारी दिने, समर्थन जनाउने, प्रोक्सी दिने र मतदान गर्न सके छेन । तर निजहरु योजनाबाट प्राप्त हुने लाभांश लिन योग्य हुनेछन् ।
३. यस विवरणपत्र मार्फत जारी हुने इकाई खरिद गर्न आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० (दश) अंकले भाग जाने गरी अधिकतम १,२०,००,००० (एक करोड बिस लाख) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।
४. कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको प्रबन्ध पत्र तथा नियमावली कार्यालय समयभित्र योजना व्यवस्थापकको कार्यालयमा उपस्थित भई हेर्न सकिनेछ ।
५. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ ।
   (क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नुपर्ने ।
   (ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने ।
   (ग) आफ्नो बैंक खाता र हितग्राही खाता (DMat Account) सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।
   (घ) आवेदकले आफ्नो स्वयंको हितग्राही खाता (DMat Account) खाता उल्लेख गर्नुपर्ने ।
   (ङ) बैंक खाता रोक्का भएको यकिन गर्नुपर्ने ।
   (च) आवेदन गरेको निस्सा/प्रमाण, बैंक/वित्तीय संग अनिवार्य लिनुपर्ने ।
   (छ) रु.५ लाख रुपैंया वा सो भन्दा बढि आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा दरखास्त फाराममा स्थायी लेखा नम्बर ९एब्ल० दरखास्त फाराममा अनिबार्य उल्लेख गर्नुपर्ने ।
६. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरी सो कुराको जानकारी सम्बन्धित आस्वा सदस्य मार्फत आवेदक दिनेछ ।

२३. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

विवरण पुस्तिका प्राप्त गर्न सकिते स्थान :					
क्र.सं	कम्पनीको नाम	ठेगाना	क्र.सं	कम्पनीको नाम	ठेगाना
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड	लाजिम्पाट, काठमाण्डो ।	२.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड	दरवारमार्ग, काठमाण्डौं ।
साथै विवरण पुस्तिका क्रमशः निष्कासन तथा विक्री प्रबन्धकको वेबसाइट www.niblcapital.com.np तथा कोष प्रवर्द्धकको वेबसाइट www.nibl.com.np मार्फत समेत डाउनलोड गर्न सकिने छ ।					
दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान					
१. नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) तथा सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।					

२४. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरण-पत्रद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका अधिकृत श्री सुभाष पौडेललाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछन् । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः फोन नं.४४२५२८० फ्याक्स नं.४००५०८४, E-mail:info@niblcapital.com

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com